## सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

१. निकायको स्वरुप र प्रकृति : सुचना सार्वजनिक गर्ने निकायको नामः- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, पाल्पा ।

सूचना सार्वजनिक गरेको अवधिः - मिति २०८०/१०/०१ देखि मिति २०८०/१२/३० सम्म ।

- राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यताका आधारमा तोकिएको पूर्वाधारहरु भएको कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्याउने गरी आर्थिक वर्ष २०७३/०७४ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ ( तरकारी जोन ) को रुपमा स्थापना भएको हो। आ.ब. २०७५/७६ सम्म यस आयोजनाले तानसेन नगरपालिकाको वडा नं. १,५,६,७,८,९,१०,११,१२,१३ र १४ मा संचालित रहि कमाण्ड क्षेत्र ७६० हे. रहेको थियो । यस परियोजना कार्यान्वयन एकाइको तरकारी जोन भित्र मुख्य रुपमा काउली, बन्दा, ब्रोकाउली, गोलभेडा, सिमि, काक्रो, मुला, खुर्सानी, साग, भन्टा आदी तरकारी वालीको खेती हुने गरेको छ । आ.ब.२०७६/०७७ देखि यसको कमाण्ड क्षेत्र तिनांउ गा.पा. वडा नं. २,३,४,५ र ६ र बगनासकाली गा.पा. वडा नं १,२,७,८, र ९ मा विस्तार गरिएको छ । हाल कमाण्ड क्षेत्र ८२१ हे. रहेको छ ।
- गत आर्थिक वर्षदेखि सुन्तलाजात फलफूल जोन र अदुवा/वेसार जोन थप भएको छ ।सुन्तला जात फलफूल जोनको कार्यक्रम रैनादेवी छहरा गाउँपालिका , रिब्दीकोट गाउपालिका र तानसेन नगरपालिकाको वडा नं. १,५,११,१२,१३ र बगनासकाली गाउँपालिकाको वडा नं. ४,५,६मा रहेको छ र यसको हाल कमाण्ड क्षेत्र ७६८ हे. रहेको छ तथा अदुवा/वेसार जोन कार्यक्रम रामपुर नगरपालिकाको वडा नं. १,७ र ९ निस्दी गाउपालिकाको वडा नं. १-७ तथा पुर्वखोला गाउपालिकाको वडा नं. १ र ५ र बगनासकाली गाउपालिकाको वडा नं. ७,८, ९ मा क्षेत्र विस्तार भएको छ र यसको हाल कमाण्ड क्षेत्र ५५६ हे. रहेको छ ।

१.१.परियोजनाको सोँच :

- कृषिजन्य अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक,व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।
- समग्र कृषि मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरण उन्मुख दिगो आर्थिक अवसरहरु सृजना गरि राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने ।

१.२.परियोजनाको उद्देश्य :

- प्रमुख कृषि उपजहरुको विशिष्टकृत क्षेत्रहरु निर्माण गर्ने ।
- निर्यात योग्य कृषि बस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।
- कृषिलाई सम्मानजनक, नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने।
- वहुसरोकारवाला निकायहरु विचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

१.३.व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम) को उद्देश्य :

- तरकारी , अदुवा/वेसार, सुन्तलाजात फलफूल जस्ता बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
- तरकारी , अदुवा/बेसार, सुन्तलाजात फलफूल जोनमा कृषि यान्त्रिकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रवर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापना मार्फत कृषि आधुनिकीकरणको आधारशिला तयार गर्ने ।
- तरकारी , अदुवा/वेसार, सुन्तलाजात फलफूल जोन तथा आसपासका क्षेत्रहरुमा रोजगारी सृजना गर्ने ।

२. निकायको काम, कर्तव्य र अधिकार :

- चक्लावन्दी कार्यक्रमलाइ प्राथमिकतामा राखी भुमिको वैज्ञानिक उपयोगमा जोड दिने ।
- कृषि उपजहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न
- कृषि सामाग्री वितरण, प्राविधीक टेवा तथा प्राविधिक सेवा उपलब्ध गराउने ।
- कस्टम हायरिङ्ग सेन्टर स्थापना ।
- पोष्ट हार्भेष्ट सेन्टर स्थापना ।
- नर्सरी पूर्वाधार विकास सहयोग ।
- साना सिंचाइ निर्माण तथा मर्मत सम्भार सहयोग ।
- प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापना ।
- कृषि आधुनिकीकरणका लागि अन्य कार्यक्रमहरु संचालन र सहजीकरण ।

वरिष्ठ कृषि अधिकृत

CamScanner

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :

### ३.१. दरवन्दी तथा कर्मचारिको विवरण :

| क. सं. | पद | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | वरिष्ठ कृषि अधिकृत | १ | १ | - | |
| २ | कृषि अधिकृत | १ | १ | - | |
| ३ | प्रा.स./ ना.प्रा.स. | १ | - | १ | |
| ४ | ना.प्रा.स. | ३ | २ | १ | |
| ५ | खरिदार | १ | १ | - | |
| ६ | कम्प्युटर अपरेटर | १ | १ | - | |
| ७ | लेखापाल | १ | १ | - | |
| ८ | ह.स.चालक | १ | १ | - | |
| ९ | का.स. | २ | २ | - | |
| जम्मा | | १२ | १० | २ | |

### ३.२. कर्मचारीहरुको कार्य विवरण :

**वरिष्ठ कृषि अधिकृत:-** कार्यालयको आर्थिक, प्रशासन तथा प्राविधिक कामकाज गर्ने गराउने र कार्यालयले तोकेका अन्य कार्य गर्ने।

**प्रविधि विस्तार तथा अनुसन्धान शाखाः-** कार्यालयको तोकिएको लक्ष्य अनुसार कार्यक्रम संचालन तथा प्राविधिक सेवा पुर्याउने र कार्यालयले तोकेका अन्य कार्य गर्ने।

**लेखा तथा प्रशासनः-** आर्थिक, जिन्सी तथा दैनिक प्रशासनिक कामकाज गर्ने र कार्यालयले तोकेका अन्य कार्य गर्ने।

## ४. निकायबाट प्रदान गरिने सेवा :

- प्रविधि तथा प्राविधिक सहयोग तथा तालिम ।
- संस्थागत विकासमा सहजीकरण ।
- लक्ष्य तोकिएका कार्यक्रमहरुमा अनुदान तथा प्राविधिक सहयोग ।

### ४.१. आ.व. २०८०।८१ मा प्रदान गरिने मुख्य मुख्य सेवा/ सहयोगको विवरण :

| क्र.स. | कार्यक्रमको विवरण | जम्मा रकम ।हजारमा। |
|---|---|---|
| जिल्लाभरीका लागि | | |
| १ | चक्लाबन्दीमा पकेट/ब्लक/जोन सन्चालनको लागि सहकारी र निजी क्षेत्रबाट माग संकलन सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग | ३००० |
| २ | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | १००० |
| ३ | क्षेत्रगत किरा नियन्त्रण कार्यक्रम | २५० |
| ४ | बगैचा अद्यावधिक गर्ने | २०० |
| ५ | रोग किराको सर्वेक्षण अध्ययन परिक्षण गर्ने | ३०० |
| ६ | माटो जाचँ सुधार तथा व्यवस्थापन | २०० |
| ७ | सिँचाई सरचना निर्माण | २४०० |
| सुन्तलातर्फ | | |
| १ | सुन्तलाजात फलफूलको क्षेत्रफल बिस्तार | ३५०० |
| २ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | ८०० |
| ३ | साना सिचाई र सिचाई पूर्वाधार निर्माण तथा मर्मत सम्हार | ३२०० |
| ४ | भण्डारण , प्राथमिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | ८०० |

वरिष्ठ कृषि अधिकृत

| | | |
|---|---|---|
| ५ | सुन्तलाजात फलफुल नर्सरी स्थापना तथा सुदृढीकरण सहयोग | ८०० |
| ६ | बगैचा सुदृढीकरण अभियान तथा बाली संरक्षण सेवा | ९०० |
| ७ | सहभागितात्मक कृषि प्रविधी सिकाई तथा प्रदशनी केन्द्र | २०० |
| अदुवा बेसार तर्फ | | |
| १ | अदुवा/बेसार बिउ खरिदमा अनुदान | ७७० |
| २ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | १००० |
| ३ | भण्डारण , प्राथमिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | ९०० |
| ४ | सहभागितात्मक कृषि प्रविधी सिकाई तथा प्रदशनी केन्द्र | २०० |
| तरकारी तर्फ | | |
| १ | अनुदानमा मल्चिङ्ग प्लाष्टिक वितरण | ३१० |
| २ | भण्डारण , प्राथमिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | ५०० |
| ३ | अस्थाइ प्लाष्टिक घर निर्माण | ११०० |
| ४ | तरकारी बजारीकरण सहयोग | ५०० |
| ५ | स्थाई प्लाष्टिक घर निर्माण | १५०० |
| ६ | वातावरणमैत्री फेरोमन ट्र्याप वितरण तथा प्रदशन | ९० |
| ७ | सहभागितात्मक कृषि प्रविधी सिकाई तथा प्रदशनी केन्द्र | १०० |

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारी :**

परियोजना कार्यान्वयन एकाइको संगठन संरचना

- प्रविधी विस्तार तथा अनुसन्धान शाखा
  जिम्मेवार कर्मचारी : श्री रसिला महर्जन
- आर्थिक प्रशासन शाखा
  जिम्मेवार कर्मचारी : श्री छक लाल आले
- प्रशासन शाखा
  जिम्मेवार कर्मचारी : विवश आचार्य

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :**

यस एकाइवाट प्रदान गरिने सेवा निःशुल्क वा नियमानुसार लाग्ने दस्तुर लिई प्रदान गरिने छ र सो को लागी सेवाको प्रकृति अनुसार तुरन्तै वा बढीमा १ महिनाको अवधि लाग्नेछ । यस सम्वन्धि विवरण उल्लेख छ ।

**नागरिक बडा पत्र ( Citizen Charter ) :**

| क्र.स. | प्रदान गरिने सेवा सुविधाहरुको विवरण | आवश्यक पर्ने कागजात तथा प्रमाणहरु | काम सम्पन्न हुन लाग्ने समय | सम्बन्धित शाखा | जिम्मेवार कर्मचारी | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक सल्लाह र परामर्श | • मौखिक तथा लिखित निवेदन | तुरुन्तै | प्रविधि विस्तार तथा अनुसन्धान शाखा | कृषि अधिकृत | बरिष्ठ कृषि अधिकृत | |

वरिष्ठ कृषि अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | जोन विकास कार्यक्रममा आवद्धता | • रु १० को टिकट टाँस गरिएको निवेदन<br>• रितपुर्वक भरिएको कार्यालयबाट उपलब्ध हुने फाराम<br>• स्थानीय तहको सिफारिस पत्र | तुरुन्तै | प्रविधि विस्तार तथा अनुसन्धान शाखा | कृषि अधिकृत | बरिष्ठ कृषि अधिकृत | |
| ३ | सुची दर्ता | • लिखित निवेदन<br>• व्यवसाय/समुह दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी<br>• स्थायी लेखा नं. दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी<br>• सम्बन्धित सेवाको लागि लिएको इजाजतपत्रको प्रतिलिपी | तुरुन्तै | प्रशासन शाखा | खरिदार | बरिष्ठ कृषि अधिकृत | |
| ४ | चक्लाबन्दी पकेट/ ब्लक/ जोन सचालनको लागि सहकारी र निजी क्षेत्रहरुबाट माग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वियनामा सहयोग | • रु १० को टिकट टाँस गरिएको निवेदन<br>• रितपुर्वक भरिएको कार्यालयबाट उपलब्ध हुने फाराम<br>• स्थानीय तहको सिफारिस पत्र<br>• सूचनामा माग भए बमोजिमका अन्य आवश्यक कागजात | सम्झौतामा उल्लेख भए बमोजिम | प्रविधि विस्तार तथा अनुसन्धान शाखा | कृषि अधिकृत | बरिष्ठ कृषि अधिकृत | |
| ५ | तरकारी जोन विकास कार्यक्रम (अस्थायी तथा स्थायी प्लाष्टिक घर निर्माण,मल्चिङ प्लाष्टिक वितरण) | • रु १० को टिकट टाँस गरिएको निवेदन<br>• रितपुर्वक भरिएको कार्यालयबाट उपलब्ध हुने फाराम<br>• स्थानीय तहको सिफारिस पत्र<br>• सूचनामा माग भए बमोजिमका अन्य आवश्यक कागजात | सम्झौतामा उल्लेख भए बमोजिम | प्रविधि विस्तार तथा अनुसन्धान शाखा | कृषि अधिकृत | बरिष्ठ कृषि अधिकृत | |
| ६ | तरकारी बजारीकरण सहयोग | • रु १० को टिकट टाँस गरिएको निवेदन<br>• रितपुर्वक भरिएको कार्यालयबाट उपलब्ध हुने फाराम<br>• स्थानीय तहको सिफारिस पत्र<br>• सूचनामा माग भए बमोजिमका अन्य आवश्यक कागजात | सम्झौतामा उल्लेख भए बमोजिम | प्रविधि विस्तार तथा अनुसन्धान शाखा | कृषि अधिकृत | बरिष्ठ कृषि अधिकृत | |
| ७ | प्रविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक | • रु १० को टिकट टाँस गरिएको निवेदन | सम्झौतामा उल्लेख | प्रविधि विस्तार | कृषि अधिकृत | बरिष्ठ कृषि | |

बरिष्ठ कृषि अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उत्पादन कार्यक्रम सचालन अनुदान | • रितपुर्वक भरिएको कार्यालयबाट उपलब्ध हुने फाराम<br>• स्थानीय तहको सिफारिस पत्र<br>• सूचनामा माग भए बमोजिमका अन्य आवश्यक कागजात | भए बमोजिम | तथा अनुसन्धान शाखा | | अधिकृत | |
| ८ | भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | • रु १० को टिकट टाँस गरिएको निवेदन<br>• रितपुर्वक भरिएको कार्यालयबाट उपलब्ध हुने फाराम<br>• स्थानीय तहको सिफारिस पत्र<br>• सूचनामा माग भए बमोजिमका अन्य आवश्यक कागजात | सम्झौतामा उल्लेख भए बमोजिम | प्रविधि विस्तार तथा अनुसन्धान शाखा | कृषि अधिकृत | वरिष्ठ कृषि अधिकृत | |
| ९ | कृषि यान्त्रीकरण, सिचाँइ पुर्वाधार निर्माण तथा मर्मत सम्हार | • तालिममा सहभागि हुने व्यक्तिको निवेदन ।<br>• स्थानिय तहको सिफारिस पत्र । | चौमासिक लक्ष्य अनुसार ६ दिन | प्रविधि विस्तार तथा अनुसन्धान शाखा | कृषि अधिकृत | वरिष्ठ कृषि अधिकृत | |
| १० | सून्तलाजात फलफूलको क्षेत्रफल विस्तार | • रु १० को टिकट टाँस गरिएको निवेदन<br>• रितपुर्वक भरिएको कार्यालयवाट उपलब्ध हुने फाराम<br>• स्थानीय तहको सिफारिस पत्र<br>• सूचनामा माग भए वमोजिमका अन्य आवश्यक कागजात | सम्झौतामा उल्लेख भए बमोजिम | प्रविधि विस्तार तथा अनुसन्धान शाखा | कृषि अधिकृत | वरिष्ठ कृषि अधिकृत | |

**७. निर्णय गर्ने प्रक्रिया र अधिकार:**

- यस एकाइले परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसारको प्राविधिक समिति र जोन संचालन समन्वय समितिको आन्तरिक बैठक तथा छलफलबाट प्राप्त रायबाट यस एकाइले परियोजना कार्यान्वयन म्यानुअल २०७७ के परिधीमा रही प्राविधिक समितिबाट कार्यक्रम कार्यान्वयनको आवश्यक व्यवस्था मिलाईएको छ ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:**

वरिष्ठ कृषि अधिकृत

प्रचलित कानून बमोजिम तोकिएको विषयमा सोही बमोजिम नै हुने छ भने अन्यको हकमा सेवाग्राहीले प्रत्यक्ष रुपमा निवेदन मार्फत वा कार्यालयमा व्यवस्था गरिएको उजुरी पेटिकामा आफ्नो गुनासो वा उजुरी दिन सक्नेछ ।प्राप्त उजुरीहरुलाई नियमित रुपमा संकलन तथा विश्लेषण गरी व्यवस्थापन गर्न गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

९. हालसम्म सम्पादन गरेको मुख्य-मुख्य कामको विवरण :

| क्र.स. | कार्यक्रमको विवरण | एकाइ | पटक | कैफियत |
|---|---|---|---|---|
| सून्तलाजात फलफूल तर्फ | | | | |
| १ | बाली बस्तु विशेष स्थलगत तालिम | संख्या | २ | रैनादेवि छहरा-८ र तानसेन-१२ मा संचालन गरिएको । |
| २ | जिल्लास्तरिय उन्नत प्रविधी/प्राथमिक प्रशोधन/पोष्ट हार्भेष्ट व्यवस्थापन /कृषि यान्त्रिकरण कृषक तालिम | संख्या | १ | १९ जना कृषकलाई सून्तला खेती प्रविधी सम्बन्धी तालिम प्रदान गरिएको । |
| ३ | बाली तथा वस्तुको उत्पादक्वको निर्धारण (क्रप कटिङ्ग ) | सख्यां | २० | ५ वटा क्रप कटिङ्गको नमुना संकलन गरिएको । |
| ४ | बगांचा सुदृढीकरण अभियान तथा बाली संरक्षण सेवा | हेक्टर | ३०० | सम्झौता सम्पन्न भएको र कार्य हुदै गरेको । |
| ५ | स्थानीय तहको समन्वयमा नमुना सून्तलाजात फलफूलको बगैचा स्थापना प्रदशन कार्यक्रम | संख्या | १ | सम्झौता सम्पन्न भएको र कार्य हुदै गरेको । |
| ६ | साना सिँचाई र सिँचाई पूर्वाधार निर्माण तथा मर्मत सम्हार | पटक | १ | सम्झौता सम्पन्न भएको र कार्य हुदै गरेको । |
| ७ | भण्डारण,प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | संख्या | १ | सम्झौता सम्पन्न भएको र कार्य हुदै गरेको । |
| ८ | सून्तला फलफूल नर्सरी स्थापना तथा सुदृढीकरण सहयोग | पटक | १ | सम्झौता सम्पन्न भएको र कार्य हुदै गरेको । |
| अदुवा वेसार तर्फ | | | | |
| १ | वाली वस्तु विशेष स्थलगत तालिम | संख्या | २ | निस्दी-४ र बगनाशकाली-८ मा संचालन गरिएको । |
| २ | जिल्लास्तरिय उन्नत प्रविधी/प्राथमिक प्रशोधन/पोष्ट हार्भेष्ट व्यवस्थापन /कृषि यान्त्रिकरण कृषक तालिम | संख्या | १ | १८ जना कृषकलाई अदुवा खेती प्रविधी सम्बन्धी तालिम प्रदान गरिएको । |
| ३ | कर्मचारी सरोकारवाला तथा उत्कृष्ठ कृषक अध्ययन अवलोकन भ्रमण | संख्या | १ | १४ जना कृषक र ४ जना कर्मचारी सहभागी भई भर्मण सम्पन्न भएको । |
| ४ | भण्डारण,प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | संख्या | ३ | सम्झौता सम्पन्न भएको र कार्य हुदै गरेको । |
| तरकारी जोन तर्फ | | | | |
| १ | वाली वस्तु विशेष स्थलगत तालिम | संख्या | २ | तानसेन-७ र तिनाउ-२ मा संचालन गरिएको । |
| २ | वाली संरक्षण सेवा | पटक | १ | तानसेन-९ मा संचालन गरिएको । |
| ३ | अनुदानमा मल्चिगं प्लाष्टिक वितरण | वटा | ८० | ८० वटा नै सम्झौता भई कार्य सम्पन्नको अन्तिम चरणमा पुगेको । |
| ४ | अस्थायी प्लाष्टिक घर निर्माण | संख्या | १०० | १०० वटा नै सम्झौता भई कार्य सम्पन्नको अन्तिम चरणमा पुगेको । |
| ४ | भण्डारण,प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | संख्या | १ | सम्झौता सम्पन्न भएको र कार्य हुदै गरेको । |

वरिष्ठ कृषि अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५ | स्थायी प्लाष्टिक घर निर्माण | संख्या | ५० | सम्झौता भई कार्य सम्पन्नको अन्तिम चरणमा पुगेको । |
| अन्य कार्यहरु | | | | |
| १ | सूचिकृत/नवीकरण र कार्यक्रम माग सम्बन्धी सूचना प्रकाशन | पटक | १ | तिनवटै जोन तथा जिल्लाभरी कार्यान्वयन हुने कार्यक्रमको लागी । |
| २ | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | पटक | २ | २ वटा प्राविधिक शिक्षालयसगँ सम्झौता भएको । |
| ३ | चक्लाबन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माग संकलन सम्भाव्यत्ता अध्ययन र कार्यान्वयनमा सहयोग | संख्या | ३ | २ वटा फर्म तथा सहकारीको लागी कार्यक्रम स्विकृत भएको । |
| ४ | सिँचाई संरचना निर्माण | पटक | ८ | सिँचाई संरचना निर्माणको लागी सम्झौता सम्पन्न भएको र केहीको कार्य सम्पन्न समेत भइसकेको । |
| ५ | कार्यक्रमको नियमित अनुगमन तथा फिल्ड भेरिफिकेशन | पटक | | नियमित रुपमा अनुगमन तथा फिल्ड भेरिफिकेशन तथा प्राविधिक सल्लाह प्रदान गरिएको । |
| ६ | वार्षिक प्रगती पुस्तिका प्रकाशन | पटक | १ | वार्षिक प्रगती पुस्तिका छपाई सकिएको । |
| ७ | कृषि मेला प्रदर्शनी तथा व्यापार महोत्सवमा सहयोग | पटक | १ | तानसेन-९ मा दोस्रो कृषि मेला महोत्सव र तानसेन-७ मा सहयोग । |

अनुसन्धान तथा प्रविधी विस्तार शाखाबाट प्राप्त विवरणबमोजिम उल्लेख गरिएको ।

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद:

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | गनेश प्रसाद यादव | वरिष्ठ कृषि अधिकृत/कार्यालय प्रमुख | ९८५७०६८१८१ |
| २. | छक लाल आले | लेखापाल/ सुचना अधिकारी | ९८५७०६८२०४ |

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:

१. कृषि इन्टर्न कार्यविधि २०७३

२. आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७

३. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सेवा करारमा कृषि प्राविधिक कर्मचारी छनोट सम्बन्धी कार्यविधी २०७८

४. परियोजना कार्यान्वयन म्यानुअल २०७७

१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण (तेस्रो त्रैमासिक अवधि) :

वरिष्ठ कृषि अधिकृत

| क्र.सं. | बजेट उपशिर्षक | वार्षिक विनियोजित बजेट (रु. हजारमा) | तेस्रो त्रैमासिकसम्मको विनियोजित बजेट (रु.हजारमा) | हाल सम्म खर्च बजेट (रु.हजारमा) |
|---|---|---|---|---|
| १. | चालु | ३७०७६.९२९ | २४३५३.०० | ७००७.९७ |
| २. | पूर्जिगत | २४७०.०० | १५७०.०० | ३८.८ |
| जम्मा | | ३९५४६.९२९ | २५९२३.०० | ७०४६.७७ |

१३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धि अध्यावधिक विवरण :

राजश्व आम्दानी : रु. ३१७८७।–

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :

आ.ब. २०७९/८० को विवरण :

वार्षिक विनियोजित वजेट : ३७२९२.००७ (रु. हजारमा) ।

वार्षिक खर्च वजेट : २१८८०.६११ (रु. हजारमा) ।

वार्षिक भारित प्रगति : ८२.२९ प्रतिशत ।

वार्षिक वित्तीय प्रगति : ५८.६७ प्रतिशत ।

मुख्य संचालित कार्यक्रमहरु :

| क्र.स. | कार्यक्रमको विवरण | जम्मा बजेट (हजारमा) | एकाइ | पटक | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्लास्तर उन्नत प्रविधि/ प्राथमिक प्रशोधन/ पोष्ट हार्भेष्ट व्यवस्थापन/कृषि यान्त्रिकीकरण कृषक तालिम | २७८ | संख्या | २ | जिल्लास्तरको कृषक तालिम कार्यक्रम २ पटक संचालन भइ तरकारी जोनका ३३ जना कृषक संख्या तथा सुन्तलाजात फलफूल जोनका २६ जना कृषक लाभान्वित रहेको । |
| २ | वाली वस्तु विशेष स्थलगत तालिम | ७८० | संख्या | २६ | तरकारी जोन अन्तर्गत ६ पटक तालिम संचालन, सुन्तलाजात फलफूल जोन अन्तर्गत ८ पटक तालिम संचालन, अदुवा बेसार जोन अन्तर्गत १२ पटक तालिम संचालन गरि क्रमश १६० जना,२७३ जना र ३६५ जना कृषक लाभान्वित रहेको। |
| ३ | क्षेत्र विस्तार हुने स्थानको माटो परिक्षण सेवा | ७० | पटक | २ | सुन्तलाजात फलफूल जोनअन्तर्गत १ पटकमा जम्मा १५२ नमुना परिक्षण गरिएको र अदुवा बेसार जोन अन्तर्गत जम्मा ११२ नमुना परिक्षण गरिएको । |
| ४ | जोन/सुपरजोन प्रभाव क्षेत्रमा सुन्तला क्षेत्रफल विस्तार | ३६०० | हेक्टर | ५० | सून्तलाजात फलफूल जोनका ३३ वटा समुह,सहकारी तथा फर्मको माध्यमबाट ४० हेक्टर मा |

वरिष्ठ कृषि अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सुन्तलाजात फलफूल को प्रभाव क्षेत्र विस्तार गरिएको । |
| ५ | बाली तथा बस्तुको उत्पादकत्व निर्धारण (क्रप कटिङ) | ३७ | सँख्या | ७० | तरकारी -३० सुन्तला-१५ अदुवा/बेसार-२५ पटक बाली कटानी र उत्पादकत्व निर्धारण गरिएको । |
| ६ | बाली संरक्षण सेवा | १८० | पटक | २ | तरकारी -३ सून्तला फलफुल -१ सम्पन्न भएको । |
| ७ | अनुदानमा मल्चिङ्ग प्लाष्टिक वितरण | ९३० | वटा | ३०० | १४५ रोल मल्चिगं प्लाष्टिक वितरण भएको जसबाट ११६ रोपनीमा मल्चिगं भएको १६ वटा समूह/सहकारी/फर्म मार्फत कृषकहरु प्रतक्ष्य लाभान्वित भएको । |
| ८ | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | ८०० | पटक | १ | निस्दी-५को जनता मा.वि.मा ४ वटा स्थायी घर,१ वटा भर्मीकम्पोष्ट घर,१ नर्सरि घर,२ वटा च्याउ घर ,१ वटा प्लाष्टिक पोखरी निर्माण १ वटा मिनिटिलर,१ वटा डिजिटल काटा ,१ वटा पावर स्प्रेयर, सिचाई पाइपमा ३२ एम.एम. ५०० मि. र २५ एम.एम. ३०० मि. का साथै बिउ,मल्चिगं प्लाष्टिक , सुक्ष्म तत्व,विसादी लगायतका सामाग्रीहरु वितरण गरिएको । |
| ९ | सून्तलाजात फलफूल नर्सरी स्थापना तथा सुद्दढीकरण सहयोग | १००० | पटक | १ | ५० वर्गमिटर र ७५ वर्गमिटरका २ वटा सून्तलाजात फलफूलको नर्सरीघर निर्माण र स्थापना गरिएको । |
| १० | चक्लावन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माँग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग | १००० | सँख्या | १ | २०० रोपनीमा ५००० बोट कागती रोपण गरी साना सिचाई पुर्वाधारको निर्माण र कृषि उपकरणहरु तथा तालिम प्रदान गरिएको । |
| ११ | अदुवा/वेसार बीउ खरिदमा अनुदान | ५२५ | मे.टन | २५ | ४ रोपनीमा अदुवा तथा बेसार को बिउ रोपण गरिएको । |
| १२ | अस्थाइ प्लाष्टिक घर निर्माण | १६५० | सँख्या | १५० | ११.७ रोपनीमा ११९ वटा अस्थायी प्लाष्टिक घर निर्माण भइ २० वटा समूह/सहकारी/फर्म मार्फत कृषकहरु लाभान्वित रहेको । |

वरिष्ठ कृषि अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | भण्डारण , प्राथमिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | ३५०० | सँख्या | ५ | अदुवा/बेसार जोन अन्तर्गत ३ वटा अदुवा/बेसार भण्डारण घर निर्माण र १ वटा अदुवा धुने तथा छोडाउने मेसिनमा खरिदमा अनुदान तथा तरकारी जोन अन्तर्गत १ वटा तरकारी संकलन केन्द्र निर्माण र १ वटा तरकारी संकलन केन्द्र को स्तरउन्नती गरिएको तथा ८७० क्यारेट र २७०० कार्टुन वितरण भएको । |
| १४ | तरकारी बजारीकरण सहयोग | १००० | पटक | १ | १ वटा तरकारीको संकलन केन्द्र निर्माण तथा १०० वटा क्यारेट वितरण भएको । |
| १५ | वातावरणमैत्री फेरोमन ट्रयाप वितरण तथा प्रदशन(तरकारी सम्बन्धी) | ९० | पटक | १ | तिनाउ गा.पा. अन्तर्गत देवीस्थान कृषक समुहमा १०० वटा टुटा ल्युर र १७० वटा क्यु ल्युर वितरण गरिएको। |
| १६ | कर्मचारी सरोकारवाला तथा उत्कृष्ठ कृषक अध्ययन अवलोकन भ्रमण | ७०० | पटक | २ | सून्तलाजात फलफूल जोन अन्तर्गतका २३ कृषक र अदुवा/बेसार जोन अन्तर्गतका २४ कृषक सहित अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भएको । |
| १८ | स्थाई प्लाष्टिक घर निर्माण | ३००० | वटा | १०० | ७.१७ रोपनीमा ७३ वटा स्थायी प्लाष्टिक घर मिर्माण कार्य सम्पन्न भएको र १८ वटा समूह/सहकारी/फर्म मार्फत कृषकहरु लाभान्वित रहेको । |
| १९ | सिचाई पूर्वाधार निर्माण तथा मर्मत सुधार कार्यक्रम | ३००० | पटक | १ | १५ वटा समूह/सहकारी/फर्म मार्फत सिचाई पाइप २८५२० मि., मोटर ११ वटा, सिमेन्ट पोखरी ७ वटा,थोपा सिचाइ ४० रोपनी ले २० हेक्टर जमिनमा सिचाइ सुविधा उपलब्ध गराएको । |
| २० | सुन्तलाजात फलफुल नर्सरी स्थापना तथा सुदृढीकरण सहयोग | १००० | पटक | २ | सून्तलाजात फलफूल जोनमा २ वटा नर्सरी घर निर्माण गरिएको । |

वरिष्ठ कृषि अधिकृत

**१५. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :**

- www. vzonepalpa.pmamp.gov.np
- ई- मेल : pmamp.piu.palpa@gmail.com

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**

- वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग नभएको ।

**१७. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

- आ.व. २०८०/८१ को तेस्रो त्रैमासिकमा लिखित सूचना माग नभएको ।

**१८. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:**

- सूचनाहरु अन्यत्र प्रकाशन नभएको ।

..........................
छक लाल आले
सूचना अधिकारी

..........................
गनेश प्रसाद यादव
वरिष्ठ कृषि अधिकृत
वरिष्ठ कृषि अधिकृत